# स्थानीय राजपत्र
# हरिनास गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : १० चित्रेभन्ज्याङ, स्याङ्गजा, आषाढ ११ गते, २०८३ संख्याः २
भाग २

## स्थानीय सरकार
## हरिनास गाउँपालिका

चित्रेभञ्याङ्ग, स्याङ्जा गण्डकी प्रदेश, नेपाल

हरिनास गाउँपालिकाद्वारा सर्वसाधारणको लागि प्रकाशित सूचना ।

हरिनास गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको **हरिनास गाउँपालिकाको शैक्षिक सम्मान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**हरिनास गाउँपालिकाको शैक्षिक सम्मान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३**

प्रस्तावना:

हरिनास गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, विद्यार्थीहरूलाई अध्ययनमा उत्प्रेरित गर्ने, शिक्षकहरूलाई थप उर्जाशील बनाउने र विद्यालयहरूबीच स्वस्थ प्रतिस्पर्धाको विकास गर्ने उद्देश्यले हरेक वर्ष उत्कृष्ट विद्यार्थी, शिक्षक,विद्यालय र विद्यालय व्यवस्थापन समिति सम्मान कार्यक्रम सञ्चालन गर्नका लागि हरिनास गाउँपालिकाको प्रशासकीय कार्यविधि )नियमित गर्ने ( ऐन, २०७५ को दफा ४ बमोजिम हरिनास गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस कार्यविधिको नाम "हरिनास गाउँपालिकाको शैक्षिक सम्मान कार्यक्रम सञ्चालन कार्यविधि-२०८३" रहेको छ ।

(२) योे कार्यविधि तुरुन्त लागु हुनेछ ।

२.परिभाषा :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क (“गाउँसभा” भन्नाले हरिनास गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ।

ख (“कार्यपालिका” भन्नाले हरिनास गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

ग (“अध्यक्ष” भन्नाले हरिनास गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

घ (“उपाध्यक्ष” भन्नाले हरिनास गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

ङ (“प्रमुख प्रशासकीय अधिकृत” भन्नाले हरिनास गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

च (“वडा अध्यक्ष” भन्नाले हरिनास गाउँपालिका अन्तर्गतका वडा अध्यक्षहरु सम्झनु पर्छ।

छ (“गाउँपालिका” भन्नाले हरिनास गाउँपालिका सम्झनु पर्छ।

ज (“कार्यालय” भन्नाले हरिनास गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

झ (“वडा कार्यालय” भन्नाले हरिनास गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु सम्झनु पर्छ।

ञ (“शिक्षा,युवा तथा खेलकुद शाखा” भन्नाले हरिनास गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखा”लाई सम्झनु पर्छ।

ट) “विद्यार्थी” भन्नाले सामुदायिक विद्यालयमा अध्ययनरत रुहेको र विद्यालयको iemis मा रेकर्ड भएको कक्षा ८,SEE वा कक्षा १२ मा अध्ययनरत रहेको व्यक्ति समेतलाई सम्झनुपर्दछ ।

ठ) "शिक्षक" भन्नाले गाउँ पालिकाभित्रका विद्यालयमा अध्यापन गर्ने स्थायी, राहत,करार, शिक्षण सिकाइ अनुदान तथा निजी शिक्षक समेतलाई सम्झनुपर्दछ ।

ड) “विद्यालय” भन्नाले गाउँपालिकाभित्र दर्ता भई सञ्चालनमा रहेका सामुदायिक वा निजी विद्यालय समेतलाई सम्झनुपर्दछ ।

ढ) “वि.व्य.स.” भन्नाले शिक्षा ऐन तथा नियमावली अनुसार गठन भएको विद्यालय व्यवस्थापन समिति र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष समेतलाई सम्झनुपर्दछ ।

ण) "समिति" भन्नाले यस कार्यविधिअनुसार गठन गरिने पुरस्कार छनोट समिति सम्झनुपर्दछ।

त) "पुरस्कार" भन्नाले नगद, सम्मानपत्र, प्रमाणपत्र वा शैक्षिक उपकरण जसलाई यस कार्यविधिअनुसार प्रदान गरिन्छ त्यसलाई सम्झनुपर्दछ ।

३. उद्देश्यहरू

३.१ बिद्यार्थीहरूलाई शैक्षिक उत्कृष्टता हासिल गर्न प्रोत्साहित गर्ने,

३.२ शिक्षकहरूलाई शिक्षण पेसामा थप लगनशील, सृजनशील र नतिजामुखी बनाउन उत्प्रेरित गर्ने।

३.३ विद्यालयहरूलाई प्रशासनिक व्यवस्थापन र शैक्षिक गुणस्तर सुधार गर्न प्रोत्साहन गर्ने,

३.४ विद्यालय व्यवस्थापन समिति समग्र विद्यालयहरूलाई प्रशासनिक व्यवस्थापन र शैक्षिक गुणस्तर सुधार गर्न प्रोत्साहन गर्ने,

३.५ गाउँ पालिकाभित्रको समग्र शैक्षिक विकासमा टेवा पुर्याउने ।

४. सम्मानका क्षेत्रहरू

४.१ (क) कक्षा ८. १० र १२ को बार्षिक नतिजाका आधारमा तपिसल बमोजिमका क्षेत्रहरुमा सम्मान गरिनेछ ।

(ख) दफा ३.१ (क) मा जुनसुकै कुरा लेखिए तापनि स्थानीय तहबाट वा अन्य आधिकारिक निकायबाट स्तरीकृत परीक्षा सञ्चालन गरेको खण्डमा कक्षा ३ र ५ लाई समेत समावेश गरिनेछ ।

४.१.१ तोकिएका कक्षाका विद्यार्थीहरुलाई नतिजाका आधारमा प्रत्येक कक्षाबाट १/१ जना उत्कृष्ट अंङ्क प्राप्त गर्ने छात्र/छात्रा र पालिकामा सर्वोत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई सम्मान गरिनेछ।

४.१.२ तोकिएका कक्षाका विषयगत रुपमा अधिकतम औसत जिपिए तथा विषयगत पास प्रतिशत प्राप्त गर्ने  प्रत्येक विषयका १/१ जना शिक्षकहरुलाई सम्मान गरिनेछ ।

४.१.३ प्रशासनिक, शैक्षिक वातावरण र नतिजामा उत्कृष्ट ठहरिएको १ विद्यालयलाई सम्मान गरिनेछ ।

४.१.४ प्रशासनिक, शैक्षिक वातावरण र नतिजामा उत्कृष्ट ठहरिएको १ विद्यालय व्यवस्थापन समिति तथा विद्यालय व्यवस्थापन समितिमा रही विद्यालयको समग्र प्रशासनिक, शैक्षिक वातावरण र नतिजा प्राप्त गर्न अहोरात्र खटिने समितिका अध्यक्ष वा सदस्य समेतलाई सम्मान गरिनेछ ।

## परिच्छेद-२

## छनोटका आधार तथा प्रकृया

५. छनोटका आधारहरू

५.१. उत्कृष्ट विद्यार्थी छनोटका आधार

विद्यार्थीले प्राप्त गरेको अङ्कभार मात्र मुख्य आधार हुनेछ। समान अङ्क प्राप्त गर्ने विद्यार्थीहरूका हकमा समानतालाई आधार मान्न सकिनेछ।

क) गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमध्ये कक्षा ८ को बार्षिक परीक्षामा अधिकतम GPA/अङ्क प्राप्त गर्ने विद्यार्थी,

ख) गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमध्ये माध्यमिक शिक्षा परीक्षा (SEE) मा अधिकतम GPA/अङ्क प्राप्त गर्ने विद्यार्थी,

ग) गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमध्ये कक्षा १२ को राष्ट्रिय परीक्षा बोर्डको परीक्षामा अधिकतम GPA/अङ्क प्राप्त गर्ने विद्यार्थी,

५.२ उत्कृष्ट शिक्षक छनोटका आधार

तोकिएको कक्षाको बार्षिक नतिजामा सैद्धान्तिक तर्फको परीक्षाको पहिलो नतिजालाई ५० प्रतिशत र परीक्षाको जम्मा पास प्रतिशतलाई ५० प्रतिशत निर्धारण गरी १०० अङ्क मानेर विषयगत अधिकतम औसत अङ्क प्राप्त गरेका १/१ जना शिक्षकलाई उत्कृष्ट शिक्षक छनोट गरिनेछ । तर सम्बन्धित विषयको परीक्षामा परीक्षार्थी संख्या ५ भन्दा कम भएमा त्यस्ता विद्यालयका/विषयका शिक्षकलाई छनोट प्रक्रियामा समावेश गरिने छैन ।

५.३ उत्कृष्ट विद्यालय छनोटका आधार

५.३.१ कक्षा ८,१० र १२ को बार्षिक नतिजाको उच्च उत्तीर्ण प्रतिशत र उच्च सिकाइ उपलब्धि भएको,

५.३.२ वार्षिक नतिजामा समग्र विद्यार्थी उत्तीर्ण प्रतिशतलाई ५० प्रतिशत, विद्यालयको जम्मा सिकाइ उपलब्धिलाई ५० प्रतिशत मानी जम्मा १०० प्रतिशतका आधारमा १०० पूर्णाङ्क निर्धारण गरी अधिकतम अङ्क प्राप्त गर्ने १/१ विद्यालयलाई नतिजाका आधारमा कक्षागत रुपमा उत्कृष्ट विद्यालय सम्मान गरिनेछ। तर सम्बन्धित कक्षामा परीक्षार्थी संख्या ५ भन्दा कम भएमा त्यस्ता विद्यालयलाई छनोट प्रक्रियामा समावेश गरिने छैन ।

माथि जुनसुकै कुरा लेखिएतापनि मूल्याङ्कन समितिले प्रशासनिक व्यवस्थापन, विद्यार्थी संख्या, बेरुजु, भौतिक अवस्था लगायतका विषयवस्तु समेत समावेश गरी मूल्याङ्कन गर्न सक्नेछ ।

५.४ प्राविधिक धारतर्फ र संस्थागत विद्यालयतर्फ अन्य प्रतिस्पर्धी संस्था नभएकाले समग्रमा ९० प्रतिशत वा सोभन्दा माथि विद्यार्थी उत्तीर्ण गराएमा विद्यालयलाई सम्मान गरिनेछ ।

६. छनोट प्रक्रिया

६.१ सूचना प्रकाशन

हरिनास गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले प्रत्येक वर्ष तोकिएको समय सीमाभित्र उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय छनोट प्रयोजनार्थ विवरण विद्यालयहरूबाट माग गर्नेछ।

६.२ विवरण सङ्कलन

विद्यालयहरूले तोकिएको ढाँचामा विद्यार्थीको नतिजा, शिक्षकको विवरण र विद्यालयको समग्र प्रोफाइल तयार गरी शिक्षा शाखामा पेस गर्नुपर्नेछ।

६.३ मूल्याङ्कन समिति

6.3.1 गाउँपालिकाबाट प्रदान गरिने शैक्षिक सम्मान कार्यक्रमका लागि विद्यार्थी शिक्षक विद्यालय तथा व्यवस्थापन समितिको मूल्याङ्कन गर्नका लागि एक समिति गठन गरिने छ ।

६.३.२ माथि उल्लेखित ६.३.(१) को कार्य गर्नका लागि निम्नानुसारको ५ सदस्यीय समिति रहने छ ।

१. गाउँ शिक्षा समितिका अध्यक्ष - अध्यक्ष,

२.प्रमुख प्रशासकीय अधिकृत - सदस्य ,

३.सामाजिक विकास समिति संयोजक - सदस्य,

४.शिक्षा समितिका अध्यक्षले मनोनित गरेका १ जना महिला - सदस्य

५.शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य सचिव

६.४ मूल्याङ्कन र सिफारिस

मूल्याङ्कन समितिले प्राप्त विवरणहरूको अध्ययन, विश्लेषण र आवश्यकता अनुसार स्थलगत अनुगमन गरी कार्यविधिमा तोकिएका मापदण्डका आधारना उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय छनोट गरी शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत् सम्मानित हुनेको नाम दावी विरोधका लागि सार्वजनिक गर्नेछ। दावी विरोध आएमा उक्त विषयमा पुनरावलोकन गरी समितिले अन्तिम निर्णय गर्नेछ ।

परिच्छेद -३

सम्मान तथा पुरस्कार

७. सम्मान र पुरस्कार

सम्मानित हुने विद्यार्थी, शिक्षक, विद्यालय र विद्यालय व्यवस्थापन समितिलाई निम्न बमोजिम सम्मान गरिनेछ ।

७.१ उत्कृष्ट विधार्थीः सम्मान पत्र,मेडल र नगद

७.२ उत्कृष्ट शिक्षकः सम्मान पत्र,मेडल र नगद

७.३ उत्कृष्ट विद्यालयः सम्मान पत्र,मेडल र नगद

७.४ उत्कृष्ट विद्यालय व्यवस्थापन समिति: सम्मान पत्र,मेडल र नगद

पालिकाबाट वितरण हुने नगद पुरस्कारमा नेपाल सरकारद्धारा तोकिए बमोजिमको करकट्टी गरि प्रदान गरिने छ ।

पुरस्कारको राशि प्रत्येक वर्ष गाउँपालिकाको बजेट तथा निर्णयानुसार निर्धारण गरिनेछ।

परिच्छेद -४

विविध

८. कार्यक्रम सञ्चालन

(क) यो कार्यक्रम प्रत्येक शैक्षिक सत्रको वार्षिक नतिजा प्रकाशन पश्चात् कार्यालयले शिक्षा दिवस, गाउँपालिकाको बजेट अधिवेसनको समयमा वा कार्यालयले उपयुक्त समयमा सञ्चालन गरिनेछ ।

(ख) कार्यक्रम सञ्चालनको सम्पूर्ण व्यवस्थापन हरिनास गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ ।

९ कार्यविधि संशोधन

यस कार्यविधिमा आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

**अनुसुची -१**

**हरिनास गाउँपालिका**

**शैक्षिक पुरस्कार आवेदन फारम (विद्यार्थी)**

१. नामः ....................................................

२. कक्षाः .................................................

३. विद्यालयः ..............................................

४. विद्यालय ठेगाना : ..............................................

५. परीक्षा बोर्डः .........................................

६. प्राप्त अंक/ जिपिएः ........................................

७. सम्पर्क नम्बरः .........................................

८. मितिः ....................

९. दस्तखतः .................

**अनुसुची -२**

**हरिनास गाउँपालिका**

**शैक्षिक पुरस्कार आवेदन फारम ( शिक्षक)**

शिक्षकको नामः .......................................

पदः ................................................

विद्यालयः ..........................................

शिक्षण अनुभव (वर्ष): ................................

कक्षा ८/१०/१२ मा प्राप्त कुल औषत प्राप्त अंक/ जिपिएः ................................

विशेष योगदानः .......................................

(नविन शिक्षण पद्धति, विद्यार्थी उपलब्धि, विद्यालय सुधार)

सम्पर्क नम्बरः .......................................

सिफारिस गर्ने व्यक्ति/संस्थाः ........................

मितिः ....................

दस्तखतः .................

**अनुसुची -३**

**हरिनास गाउँपालिका**

**विद्यालय पुरस्कार मूल्याङ्कन फारम**

विद्यालयको नामः .......................................

विद्यालयको प्रकारः सामुदायिक / निजी

समग्र नतिजा (गत वर्ष): .................................

शैक्षिक वातावरण सुधार विवरणः ..........................

अतिरिक्त क्रियाकलापः ...................................

व्यवस्थापन र पारदर्शिताः ..............................

मूल्याङ्कन गर्ने समिति सदस्यः .........................

मितिः .....................

दस्तखतः ..................

**अनुसुची -४**

**हरिनास गाउँपालिका**

**वि.व्य.स. समिति पुरस्कार आवेदन फारम**

विद्यालयको नामः .......................................

समितिको अध्यक्षः .......................................

समितिको सदस्य संख्याः .................................

विद्यालय विकासमा योगदानः ..............................

समुदायसँग सहकार्य विवरणः ..............................

पारदर्शिता र सक्रियताः ................................

सम्पर्क नम्बरः ..........................................

मितिः .....................

दस्तखतः ..................

**अनुसुची -५**

**हरिनास गाउँपालिका**

**मूल्याङ्कन स्कोरिङ प्रणाली**

**१. विद्यार्थी पुरस्कार मूल्याङ्कन**

| **क्र.स.** | **मापदण्ड** | **अंक** | **व्याख्या** | **कैफियत** |
|---|---|---|---|---|
| १ | शैक्षिक उपलब्धि (SEE/कक्षा १२ अंक) | 50 | उच्चतम अंक ल्याउने आधारमा | |
| २ | अनुशासन र नियमितता | 20 | विद्यालयको रेकर्ड अनुसार | |

| | | | | |
|---|---|---|---|---|
| ३ | अतिरिक्त क्रियाकलाप सहभागिता | २० | खेलकुद, सांस्कृतिक, सामाजिक गतिविधि | |
| ४ | विद्यालय/समाजमा योगदान | 10 | नेतृत्व, सामाजिक सहभागिता | |

## २. शिक्षक पुरस्कार मूल्याङ्कन

| **क्र.स.** | **मापदण्ड** | **अंक** | **व्याख्या** | **कैफियत** |
|---|---|---|---|---|
| १ | शैक्षिक उपलब्धि (SEE/कक्षा १२ अंक) | 40 | विद्यार्थीको नतिजा सुधार | |
| २ | **नविन शिक्षण पद्धति** | 25 | ICT प्रयोग, नवीनतम विधि | |
| ३ | **अनुशासन र पेशागत आचरण** | २० | विद्यालयको मूल्याङ्कन | |
| ४ | **विद्यालय सुधारमा योगदान** | 1५ | व्यवस्थापन, अतिरिक्त क्रियाकलाप | |

## ३. विद्यालय पुरस्कार मूल्याङ्कन

| **क्र.स.** | **मापदण्ड** | **अंक** | **व्याख्या** | **कैफियत** |
|---|---|---|---|---|
| १ | शैक्षिक उपलब्धि (SEE/कक्षा १२ अंक **समग्र नतिजा**) | ४० | वार्षिक परीक्षा नतिजा | |
| २ | **शैक्षिक वातावरण** | २५ | अनुशासन, सफाइ, सिकाइ वातावरण | |
| ३ | **अतिरिक्त क्रियाकलाप** | २० | खेलकुद, सांस्कृतिक, सामाजिक तथा अन्य | |
| ४ | **विद्यालय व्यवस्थापन र पारदर्शिता** | 1५ | वित्तीय पारदर्शिता, अभिलेख | |

## ४. वि.व्य.स. समिति पुरस्कार मूल्याङ्कन

| **क्र.स.** | **मापदण्ड** | **अंक** | **व्याख्या** | **कैफियत** |
|---|---|---|---|---|
| १ | **विद्यालय विकासमा योगदान** | ४० | भवन, उपकरण, सुधार | |
| २ | **समुदायसँग सहकार्य** | २५ | अभिभावक, स्थानीय निकायसँग सहकार्य | |
| ३ | **पारदर्शिता** | २० | वित्तीय र प्रशासनिक पारदर्शिता | |

| | | | | |
|---|---|---|---|---|
| ४ | **सक्रियता र व्यावहारिक प्रयोग** | 1५ | बैठक, निर्णय, कार्यान्वयन | |

साथै वि.व्य.स. पुरस्कार मूल्याङ्कन गर्दा स्वीकृत मापदण्ड बमोजिमको गुणस्तरका आधारमा गाउँपालिका भित्र रहेको विद्यालयको स्तरीकरण गरी सार्वजनिक गरिएको अंक समेतलाई आधार मानिनेछ ।

- प्रत्येक श्रेणीमा **१०० अंकको आधारमा मूल्याङ्कन** गरिनेछ।
- छनोट समितिले फारम र तालिकाका आधारमा अंक दिनेछ।
- उच्चतम अंक प्राप्त गर्ने उम्मेदवार/संस्था/समिति पुरस्कारका लागि छनोट हुनेछ।

आज्ञाले

नामथर :राजिव सुवर्णकार

पद :नि.प्रमुख प्रशासकीय अधिकृत